स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या :०७७/७८
च.न.:

**प्रेस विज्ञप्ती**

गाउँपालिकाले स्वीकृत बार्षिक कार्यक्रमको अधिनमा रही भौतिक पूर्वाधार विकास निर्माण, आर्थिक तथा सामाजिक विकास लगायतका कार्य तथा कार्यालयबाट दैनिक रुपमा प्रदान गर्ने सेवा प्रभावहलाई छिटो, छरितो र थप प्रभावकारी एवं गुणस्तरीय बनाई सुशासन प्रवर्द्धन गर्न गाउँपालिका हरवखत कटिबद्ध भै अगाडी बढेको गंगाजमुना गाउँपालिकाबासीहरु समक्ष जानकारी गराउदछु । यहाँहरुले नै प्रत्यक्ष रुपमा अनुभूति हुने किसिमले गाउँपालिकाबाट विकास निर्माण, सेवा प्रवाहहरु प्रभावकारी र व्यवस्थित ढंगले सञ्चालन भै रहेको अवस्था छ । साथै गाउँपालिकाले सम्पादन गर्ने हरेक क्रियाकलापमा आम नागरिकको सुसूचित हुने पहुँच स्थापित गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम कार्य गरिरहेको छ ।

यसै सन्दर्भमा सम्वत् २०७७ फल्गुन १ गते शनिबारका दिन हिमाली सञ्चार अनलाइनमा यस गाउँपालिकाको बारेमा गंगाजमुना गाउँपालिकामा अनुदानको सामानमा नै भष्ट्राचार शीर्षक राखी लेखिएको समाचार प्रति गाउँपालिकाको ध्यानकर्षण भएको छ ।

यस गाउँपालिकामा कार्यरत पशु तथा कृषि शाखामा कार्यरत कर्मचारीहरु क्रमश: पारस अधिकारी र रबिन्द्र थापा सुयलले बार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने क्रममा हाते ट्रयाक्टर र कृषि औजार अनुदानमा वितरण गर्दा भएको अनियमितता सम्वन्धी निवेदन उपर छानबिन प्रक्रिया अगाडी बढाई निज कर्मचारीहरुबाट सम्पादित कार्यहरुको सन्दर्भमा नागरिकहरुमा असन्तुष्ट भएको कुरा बुझिन आएको हुँदा निजहरु उपर गाउँपालिकाले थप अनुसन्धान अगाडी वढाएको हुँदा कुनै पनि किसिमको जनगुनासो साँचो ठहरेको अवस्थामा थप हदैसम्मको कारवाही गरिने व्यहोरा आम जनसमुदायमा जानकारी गराउन चाहन्छु । साथै प्रमुख प्रशासकीय अधिकृतले कारवाही अगाडी बढाउनु भन्दा पहिले नै निजको सरुवा गराईएको भन्ने सन्दर्भमा निजको नियमित प्रक्रिया बमोजिमनै सरुवा भएको व्यहोरा समेत जानकारी गराउँदछु ।

अन्त्यमा गाउँपालिकाले गाउँपालिकाको विकास निर्माण तथा आम नागरिकको आर्थिक, सामाजिक, सास्कृतिक विकास मार्फत जीवनस्तरोन्नती गर्न तय गरेका दृष्टि, लक्ष्य एवं उद्देश्यमा गाउँपालिकाका सम्पूर्ण राजनीतिक दल, वृद्धिजीवि, समाजसेवी, सचेत नागरिक लगायतले हातेमालो गर्न आवश्यक ठानेको छु नकी कुनै पनि एजेण्डा उपर राजनीतिक दाउपेच तथा राजनीतिकरण गरियोस ।
धन्यबाद ।

मिति: २०७७/११/०२

वल बहादुर अधिकारी
अध्यक्ष



Scanned with CamScanner